# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १०  अंक ३६  काठमाडौं  सोमबार, १५ जेठ २०८०  Prabhab National Daily  Monday, May 29, 2023  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५|-


# पीडामा नागरिकताविहीन



नेहा थापा



सिम्रन मानन्धर



सानुमाया क्षेत्री

■ जेबी योञ्जन

- अदालतको फैसला कार्यान्वयन गर्न सिडिओहरूको आनाकानी
- झण्डै ११ लाख नेपाली नागरिकताविहीन
- शैक्षिक, आर्थिक, राजनीतिकलगायतका अधिकार उपभोगबाट वञ्चित

**काठमाडौं-** ४२ वर्षअघिको एक बिहान सानुमाया क्षेत्रीको पति धुम्बाराहीस्थित कोठाबाट बाहिर निस्के । साँझ आउलान् भन्ने लागेको थियो, बाटो हेरिरहिन् पनि । तर, अहिलेसम्म फर्केर आएका छैनन् ।

काभ्रेपलाञ्चोक धुमखर्क माइती बताउने सानुमायाका अनुसार सपनामा कहिलेकाहीँ उनी पतिलाई देख्छिन् । त्यसबेला खुसी हुन्छिन् । झस्किएर ब्युँझिँदा साथमा हुन्नन् र सम्झेर बेस्सरी रुन्छिन् । उनलाई अझैसम्म एक दिन त पति फर्केर आउलान् भन्ने लागेको छ । त्यही भएर पति आउँदा कोठा देखून् भनेर झण्डै ५० वर्षदेखि बस्दै आएको कोठा छाडेकी छैनन् ।

पति बेपत्ता भएका बेला दुई छोरा र एक छोरी बालखै थिए । हाल जेठा छोरा र छोरीले बिहे गरिसकेका छन् । कान्छाचाहिँ नागरिकता बनाइमाग्न बुबा खोज्छु भन्दै दुई वर्षअघि दसैंताका कोठाबाट निस्केका थिए । उनी पनि कोठा फर्केर आएनन्, जसरी बुबा ४२ वर्षदेखि आएका छैनन् । हाल उनको अत्तोपत्तो पनि छैन ।

जेठो छोराले पनि नागरिकताका लागि आमा सानुमायालाई पटक-पटक भने । तर, नागरिकता बनाइदिन न सानुमायाको नागरिकता छ, न बेपत्ता बुबाको । जेठो छोराले आफ्नी छोरीको जन्मदर्ता बनाउन नागरिकता बनाइदिन भन्दै आमालाई भनेका थिए । जुन सम्भवै भएन । किनभने विद्यमान नेपाल नागरिकता ऐन, २०६३ अनुसार नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न बुबाको नागरिकता अनिवार्य चाहिन्छ ।

जसका कारण आफ्नै छोरालाई नागरिकता बनाइदिन सानुमायाले सकिनन् । यसपछि रिसाएका जेठो छोराबुहारीले उनलाई छाडेर गए । कहाँ छन् भन्ने (बाँकी पृष्ठ २ मा)

गणतन्त्रको १६ वर्ष

# स्थायित्वमा आशंका कायमै

■ दीपा सुनुवार

**काठमाडौं-** देशमा गणतन्त्रात्मक व्यवस्था सुरु भएको आज १५ वर्ष पूरा भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालको सरकारले यो दिवसलाई गणतन्त्रका १५ वर्षको समीक्षासहित तीन दिनसम्म मनाउने घोषणा यसअघि नै गरिसकेको छ ।

'तीनै तहका सरकारले गणतन्त्र दिवस भव्य बनाउने छन्,' सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल सरकारका प्रवक्ता रेखा शर्माले भनिन्, 'यसपटक सामान्य दिवसको रूपमामात्र नभई १५ वर्षको समीक्षा र आगामी रोडम्यापसमेत झल्कनेगरी दिवस मनाउँदै छौं ।'

प्रधानमन्त्रीको अध्यक्षतामा गठन भएको गणतन्त्र दिवस मूल समारोह समितिले आज सैनिक मञ्च टुँडिखेलमा विशेष समारोह आयोजना गर्दै छ । जनआन्दोलनको बलमा राजतन्त्रको अन्त्य भएको १६ वर्ष लाग्दै गर्दा सडकमा भने विभिन्न कोणबाट गणतन्त्रविरुद्ध आवाज उठ्न थालेको छ । प्रदेश खारेजीको मागसहित विभिन्न दलहरू सडकमा आउन थालेका छन् भने पूर्वराजा ज्ञानेन्द्र शाह पूर्वदेखि पश्चिम दौडाहामा निस्किएका छन् । पहिलो संविधानसभाले २०६५ जेठ १५ गते गणतन्त्र घोषणा गरेसँगै जेठ २९ गते श्रीपेच छाडेका पूर्वराजा शाहले पटक-पटक गणतन्त्रमाथि प्रश्न उठाइरहेका छन् । राजावादीहरूकै कुरा मान्ने हो भने अहिले राजाको पक्षमा माहोल बनिरहेको छ ।

दलहरू सत्ता निर्माणका लागि एकले अर्कोलाई भ्याङ बनाउने खेल र भ्रष्टाचारमा चुर्लुम्म डुब्दा व्यवस्थाप्रति नै वितृष्णा पैदा हुने डर उत्तिकै छ । संघीय कानुन निर्माणमा ढिलासुस्ती उस्तै छ । यस्तो अवस्थामा धर्मनिरपेक्ष देशलाई राजासहितको हिन्दू राष्ट्र बनाउने उद्देश्यसहित भारतले पैसा लगानी गरेको रिपोर्टसमेत सार्वजनिक भएका छन् । राजाको विरोध गर्दै राप्रपा छाडेको कमल थापाको पार्टीले समेत आफ्नो प्रदेश कमिटी खारेज गर्दै प्रदेश सरकार खारेज गर्न माग गरेको छ ।



संघीयता प्रयोग नै गलत हो भनेर कोही-कोही लागिरहेका छन् । षड्यन्त्र भइरहेको बुझिन्छ । पूर्वराजाको पनि केही संलग्नता होला ।

● **मीन विश्वकर्मा**
प्रचार विभाग प्रमुख, नेपाली कांग्रेस

जन्मको आधारमा शासन गर्न पाउनुपर्छ भन्ने संस्थालाई फेरि ल्याएर मुलुकले गति लिन्छ भन्ने कुरा फगत भ्रम हो । यसको सम्भावना पनि छैन ।

● **पदम गिरी**
प्रमुख सचेतक, नेकपा एमाले

संकटकालीन अवस्था गुजारेर जनयुद्धको जगमा जनआन्दोलन गरेर यहाँसम्म आइपुगेका छौं । जनतालाई प्रत्यक्ष अनुभूति गराउन डेलिभरि दिनुपर्नेछ ।

● **हितराज पाण्डे**
प्रमुख सचेतक, माओवादी केन्द्र

### कसले कसरी मनाउँदै ?

संघीय संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले गणतन्त्र दिवसको अवसरमा जिल्ला जिल्लामा कार्यक्रमहरू आयोजना गरेको छ । पार्टीका सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार केन्द्रमा भने बजेटका कारण केही कार्यक्रम राखिएको छैन । 'बजेट भाषण पनि त्यही दिन परेकोले पार्टीबाट राष्ट्रियस्तरको कार्यक्रम राखिएको छैन । जिल्लाले आ-आफ्नो तहमा कार्यक्रम राखेका छन्,' विश्वकर्माले भने ।

यता प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले विचार गोष्ठीदेखि विविध कार्यक्रम आयोजना गरेको छ । एमाले संसदीय दलका प्रमुख सचेतक पदम गिरीका अनुसार १५ वर्षको उपलब्धिलाई समीक्षासमेत गरिनेछ । 'गणतन्त्र दिवस नेपालको नागरिक राज्यसत्ताको मालिक भएको ऐतिहासिक दिन हो । विभिन्न ढंगले हामी कार्यक्रमहरू (बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

आर्थिक सर्वेक्षण

# वैदेशिक रोजगारीको प्रमुख गन्तव्य खाडी मुलुक र मलेसिया

■ प्रभाव संवाददाता

**काठमाडौं-** नेपालीहरूको प्रमुख रोजगार गन्तव्यमा खाडी मुलुक र मलेसिया यथावत् रहेको तथ्यांकमा देखिएको छ । सरकारले आइतबार सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०७९/८० मा वैदेशिक रोजगारीको ठूलो हिस्सा खाडी मुलुक र मलेसियाले ओगटेको उल्लेख गरिएको छ ।

आर्थिक सर्वेक्षणमा वैदेशिक रोजगारीमा जाने नेपालीमध्ये तीन चौथाइ कामदार मलेसिया, कतार, साउदी अरब र युनाइटेड अरब इमिरेट्स (युएई)मा गएको उल्लेख छ । वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका श्रमिकहरूको संख्याका आधारमा उक्त तथ्यांक तयार पारिएको हो ।

> आर्थिक सर्वेक्षणमा वैदेशिक रोजगारीमा जाने नेपालीमध्ये तीन चौथाइ कामदार मलेसिया, कतार, साउदी अरब र युनाइटेड अरब इमिरेट्स (युएई)मा गएको उल्लेख छ । वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका श्रमिकहरूको संख्याका आधारमा उक्त तथ्यांक तयार पारिएको हो ।

आर्थिक सर्वेक्षणले गत २०७९ फागुनसम्म वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिने नेपालीको संख्या ५५ लाख २६ हजार ७०४ जना रहेको देखाएको छ । जसमा ९४.४ प्रतिशत पुरुष र ५.६ प्रतिशत महिला रहेका छन् । यद्यपि, चालु आर्थिक वर्षको फागुनसम्म तीन लाख ३७ हजार १४४ जनाले वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिएका छन् । यसमा पुरुष ९० र महिला १० प्रतिशत रहेका छन् । पछिल्लो समय वैदेशिक रोजगारीमा जाने महिलाहरूको संख्यामा पनि बढोत्तरी भएको सर्वेक्षणमा जनाइएको छ । सरकारले वैदेशिक रोजगारीको तथ्यांक राख्न थालेयता २०७९ फागुनसम्म विदेश जाने कामदारहरूको संख्यामध्ये मलेसियामा २६.५ प्रतिशत, कतारमा २६.४ प्रतिशत, युएईमा १४.९ प्रतिशत, साउदी अरबमा २२ प्रतिशत, कुवेतमा ३.८ प्रतिशत, बहराइनमा १.३ प्रतिशत, ओमानमा ०.९ प्रतिशत, जापानमा ०.५ प्रतिशत र अन्यमा चार प्रतिशत रहेको तथ्यांकमा उल्लेख छ ।

हालसम्म वैदेशिक रोजगारीका लागि संस्थागत रूपमा १११ मुलुकमा खुला गरिएको छ । सरकारले ९०० म्यानपावर कम्पनीलाई विदेशमा कामदार पठाउने प्रयोजनका लागि इजाजतपत्र प्रदान गरेको तथ्यांक छ । सरकारले १० वटा मुलुकसँग श्रम सम्झौता गरेको छ भने इजरायल, कोरिया र बेलायतमा सरकार आफैंले कामदार पठाउने गरी सम्झौता गरेको छ । इपिएस प्रणाली लागू भएयता गत फागुनसम्म ८५ हजार ८०४ जना कामदार दक्षिण कोरिया गएको सर्वेक्षणमा उल्लेख गरिएको छ ।

वैदेशिक रोजगारीमा जाने कामदारलाई दक्ष र सीपयुक्त बनाउन सीप विकास तालिम प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्ममा ९२५ जनाले विभिन्न व्यावसायिक तथा सीप विकास तालिम लिएका छन् । यस्तै बोर्डबाट सञ्चालन भएका कल्याणकारी कार्यक्रमबाट आर्थिक वर्ष २०७९/८० को फागुनसम्म एक हजार ५७६ पुरुष र ४३८ महिला गरी दुई हजार १४ जना कामदार तथा तिनका परिवारका सदस्य लाभान्वित भएका छन् ।

बोर्डले सञ्चालन गरेको कल्याणकारी कार्यक्रमअन्तर्गत नै टेलिमेडिसिन सेवा सञ्चालन कार्यविधि, २०७९ अनुसार वैदेशिक रोजगारीमा रहेका कामदारलाई कार्यस्थलमा आइपर्ने स्वास्थ्य समस्या समाधान गर्न स्वास्थ्य परामर्श सेवा सुरु गरेको पनि सर्वेक्षणमा उल्लेख छ । त्यसैगरी स्थानीय तहको व्यवस्थापन तथा कार्यान्वयनमा सञ्चालन गरिने सुरक्षित आप्रवासन कार्यक्रम (तेस्रो चरण) ३९ जिल्लाका १५६ पालिकामा सञ्चालन भइरहेको र गत फागुनसम्म दुई लाख ४८ हजार २३० जानले सेवा प्राप्त गरेको जनाइएको छ ।

आर्थिक सर्वेक्षणले वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका कामदारको छोराछोरीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता उपलब्ध गराउँदै आएको उल्लेख गर्दै आर्थिक वर्ष २०७९/८० फागुनसम्म एक हजार ५१४ जनालाई एक करोड ४५ लाख २४ हजार रूपैयाँ प्रदान गरेको जनाइएको छ । यतिमात्र नभई चालु आबको फागुनसम्म वैदेशिक रोजगारीको सिलसिलामा ७६१ पुरुष र २८ महिला गरी ७८९ जना नेपालीको विदेशी भूमिमा ज्यान गएको जनाउँदै मृतकका परिवारका सदस्य वा नजिकका हकदारवालाले ४१ करोड एक लाख ८० हजार रूपैयाँ प्राप्त गरेको उल्लेख छ । साथै, यस अवधिमा वैदेशिक रोजगारीको क्रममा शारीरिकरूपमा अंगभंग तथा बिरामी भएका १६० पुरुष र छ महिला गरी १६६ जना कामदारलाई पाँच करोड ९३ लाख १३ हजार रूपैयाँ आर्थिक सहायता दिइएको छ ।

चालु आबको फागुनसम्म वैदेशिक रोजगारसम्बन्धी गतिविधिमा संस्थागत ४८५ र व्यक्तिगत ६८६ गरी एक हजार १७१ उजुरी दर्ता भई ५६ करोड ६८ लाख पाँच हजार ८८१ रूपैयाँ दाबी गरिएको उल्लेख छ । विशेष महत्त्वका साथ ल्याइएको योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा फागुनसम्म १७ हजार ७४८ रोजगारदाता र तीन लाख ९८ हजार ५८७ कामदार सूचीकृत भएको जानाए पनि वैदेशिक रोजगारीमा जाने कामदारहरूबारे उल्लेख गरिएको छैन ।




## पीडामा...

पृष्ठ १ बाट जारी

पत्तो छैन । सानुमाया एक्ली छिन् ।

'यदि, नागरिकता मैरै बनेको भए कान्छो छोरालाई नागरिकता बनाइदिन्थेँ । छैन । नभएकै कारण बुबा खोज्न जान्छु भनेर हिँडेका छोरा फर्केर आएनन्,' उनले प्रभावसँग भनिन्, 'बुढेसकालको सहारा ठानिएको जेठो छोराबुहारी पनि अलग भए । छोराले भन्थे-नागरिकता दिन नसक्ने भए किन जन्म दिनु ?'

यसरी नागरिकताको विषयले सानुमायाको परिवार छिन्नभिन्न भयो । उनी बुढेसकालमा सहाराविहीन भइन् ।

१७ फागुन २०७९ मा भने सर्वोच्च अदालतका न्यायाधीशद्वय डा. मनोजकुमार शर्मा र डा. कुमार चुँडालको संयुक्त इजलासले सानुमाया र उनका छोराले नेपाली नागरिकताको प्रमाणपत्र पाउने फैसला गर्दै नागरिकता दिनू भनेर जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा आदेश दियो । तर, आदेशअनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंले नागरिकता दिएकै छैन । आनाकानी गरिरहेको छ ।

उनले थप भनिन्, 'सिडिओले छोराको हकमा जन्मदर्तामा बुबाको नाम रहेछ । बुबाको नागरिकता चाहिन्छ भन्नुभएको छ । बुबाको नागरिकता बनाएकै थिएन भन्दाखेरी त्यसो भए बुबाको मृत्यु दर्ताको कागज ल्याउनु भन्नुभयो । मृत्यु भएको भन्ने यकीन छैन । अनि कसरी मृत्युदर्ता बनाउनु ?'

उनले सर्वोच्चको फैसलाअनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नागरिकता नपाएको भन्दै दुःख व्यक्त गरिन् । जतिबेला उनी भक्कानिइन् पनि ।

सानुमायाले जस्तै दुःख पाउनेमा भक्तपुरको गठ्ठाघर बस्दै आएकी २४ वर्षीया नेहा थापा पनि छिन् । नागरिकता पाउन उनले गरेको संघर्ष कम दुःखको छैन । आँखा टिपपिल पार्दै नेहाले नागरिकता नपाएकै कारण पढ्नदेखि रोजगारीसम्मै समस्या हुनाले जिन्दगी निकै घाँडो लाग्न थालेको बताइन् ।

'बुबा दुबई जानुभएको थियो रे । बहिनी र म १/२ कक्षामा पढ्दा बुबा दुबईदेखि आउनुभएको अलिअलि झल्को आउँछ, त्यसपछि बुबा सबै कागजात लिएर कहाँ जानुभयो ? थाहा छैन । अझै फर्किनुभएको छैन । आमा कम आँखा देख्नुहुन्छ,' उनी थप भन्छिन्, 'पढ्न समस्या छ । जागिर खाउँ जहीँ नागरिकता मागिन्छ ? के दिएर जागिर खाउँ र आमालाई पालौं ?'

नेहा र निष्ठाको बुबा राजेन्द्र थापा हुन् । घर भोजपुर भनेको तर कहिल्यै आमा रश्मी भट्टराईसहित दुई छोरीलाई उनले घर लगेनन् । त्यही भएर खोजतलासका लागि भोजपुर जाने अवस्था पनि नभएको नेहा बताउँछिन् ।

उनका अनुसार बुबाले नागरिकतासहित सबै कागजात लिएर सम्पर्कविहीन भएकै कारण अहिलेसम्म नागरिकता नपाइएको हो । उनीहरूलाई नागरिकता नदिने निकाय जिल्ला प्रशासन कार्यालय भक्तपुर हो । उच्च अदालत पाटनका न्यायाधीशद्वय महेशप्रसाद पुडासैनी र धरिबहादुर चन्द्रको संयुक्त इजलासले भने १७ असार २०७९ मा नेहा र निष्ठाको जन्मदर्तामा राजेन्द्र थापा बुबाको रूपमा रहेको र आमा रश्मीले जिल्ला प्रशासन कार्यालय मोरङबाट नागरिकता लिएको देखिएको र उनीहरूले नागरिकता पाउने फैसला गरेको छ ।

फैसलामै जिल्ला प्रशासन कार्यालय भक्तपुरलाई नागरिकता प्राप्तिका लागि निवेदन प्राप्त भए बुझ्नुपर्ने केही भए बुझेर आवश्यक प्रक्रिया पुर्‍याई नागरिकता दिन निर्देशनात्मक आदेश दिएको छ । तर, जिल्ला प्रशासन कार्यालय भक्तपुरले नागरिकता प्राप्तिका लागि निवेदन दिँदा पनि नेहा र निष्ठालाई दिएकै छैन ।

ललितपुरको पाटन बस्ने २० वर्षीय सिम्रन मानन्धर र भाइ साजन पनि केही वर्षदेखि नागरिकता प्राप्तिको लडाइँमा छन् । तर, नागरिकता पाएका छैनन् । १७ फागुन २०७९ मै सर्वोच्चका न्यायाधीशद्वय शर्मा र चुँडालको संयुक्त इजलासले सिम्रन र साजनले नागरिकता पाउने फैसला गरेको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा नागरिकताको निवेदन प्राप्त भएको अवस्थामा प्रक्रिया पूरा गरेर दिन आदेश दिएको छ ।

तर, जिल्ला प्रशासन कार्यालय काठमाडौंले नागरिकता दिएकै छैन । सर्वोच्चको फैसला कार्यान्वयन गर्न आनाकानी गरिरहेको सिम्रन बताउँछिन् । 'हामीलाई सुरुमा त मुद्दा जितेर आउनु भन्नुभयो तत्कालीन सिडिओले । मुद्दा जितेर गयौं । उल्टै नराम्ररी गाली गर्नुभयो,' सिम्रनले भनिन्, 'र, कहिले सर्वोच्चको आदेश फ्याक्सबाट आएको छैन भनिन्छ त कहिले यता जा, कहिले तल जा भनेर आलटाल गरिएको छ । नागरिकता पाएकै छैनौं ।'

न्यायालयले गरेको हरेक फैसला र दिएको आदेशको पालना जुनसुकै निकायले बाध्यात्मकरूपमा कार्यान्वयन गर्नैपर्छ। नगरिए अदालतको अवहेलना हुन्छ । यद्यपि, बाध्यकारी हुने फैसलाको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालयहरूले गम्भीरता नदेखाएको उल्लेखित विवरणहरूले पुष्टि हुन्छ ।

नागरिकताकै सवालमा लामो समयदेखि वकालत गर्दै आएकी महिला, कानुन र विकास मञ्च आबद्ध अधिवक्ता सुष्मा गौतम जिल्ला प्रशासन कार्यालयहरूले न्यायालयको फैसला कार्यान्वयन गर्न आनाकानी गरेर नागरिकताविहीनहरूमाथि खेलबाड गरिरहेको बताउँछिन् । उनले संविधानको धारा १० ले हरेक नेपाली नागरिकको नागरिकता प्राप्त गर्ने अधिकार भए पनि जिल्ला प्रशासन कार्यालयहरू बाधक बनेको भन्दै असन्तुष्टिसमेत व्यक्त गरिन् ।

'सिडिओले अदालतको फैसला कार्यान्वयन गर्नैपर्छ। तर, कार्यान्वयन गर्न आनाकानी गरिन्छ । उल्टै नेपालको संविधान २०७२ अनुसारको ऐन, कानुन बनेको छैन भन्दै टारिन्छ,' उनले भनिन्, 'यो राम्रो होइन । हरेक नागरिकले पहिचान पाउनुपर्दैन ?'

नागरिकता नहुँदा शैक्षिक, आर्थिक, राजनीतिकसँगै हरेक अधिकारको उपभोग गर्नबाट नागरिकहरू वञ्चित हुने गर्छन् । यस्तै, समस्या झेल्दै आएकी नेता थापा बाँचेर पनि मरेतुल्य भएको महसुस हुने गरेको बताउँछिन् । यस्तो महसुस थुप्रै नागरिकताविहीनहरूले गर्छन् ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE LADY'S CORNER SALON AND HEALTH INSTITUTE CO.

पूर्व स्वीकृति मिति २०७९/०७/१८ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/१४ LT. No. 274812 चलानी नं.६०१९०५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 40 | 150 | ६४४५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | cleaner | 0 | 8 | 85 | ३६५२४ | | | | | | | |
| 3 | Receptionist | 0 | 8 | 135 | ५८००९ | | | | | | | |

कम्पनी : MISS 1 BEAUTY CENTER CO.

पूर्व स्वीकृति मिति २०७८/११/९ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/१४ LT. No. 258337 चलानी नं. ६०१८६२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 0 | 4 | 100 | ४२९७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 2 | 170 | ७३०४९ | | | | | | | |
| 3 | Nail clipper | 0 | 4 | 170 | ७३०४९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL AMAAR TOP INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति: २०८०/०२/१२ LT. No. 286650 चलानी न.६०२०२०५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 5 | 0 | 1000 | ३५२३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Sulav Recruitment Pvt.Ltd.**

SULAV Recruitment Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal ,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



## Malaysia/Romania मा वैदेशिक रोजगारको अवसर

कम्पनी : PACSURE PACKAGING SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०२/१४ LT. No. 286684 चलानी नं. ६०२०२१०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी : SA YADAV WHITE CLEANING SRL

पूर्व स्वीकृति मिति : २०७९/०५/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१४ LT. No.268224 चलानी नं. ६०१८७४६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 86 | 18 | 550 | ७२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ७०,०००/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JADDARAH RECRUITMENT COMPANY

पुर्व स्वीकृति मिति २०७९/०८/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१४ LT. No. 276287 चलानी नं. ६०१९२२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labours | 100 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवतव्स्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)

Govt. License 280/058/059

P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AWAL EQUIPMENT RENTAL COMPANY

पुर्व स्वीकृति मिति २०८०/०२/१३ LT. No. 286714 चलानी नं. ६०२०२०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forklift Driver | 2 | 0 | 1500 | ५२,८५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Workshop Worker | 2 | 0 | 1000 | ३५,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


Pashupati HR Solution Pvt. Ltd. — श्रम ईजाजत नं. १४००/०७४/०७५

**Pashupati HR Solution Pvt. Ltd.**

Battisputali-9 Gaushala, Bijay Chowk, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 01-4110300, 4110479
www.pashupatihr.com.np



## साउदी/मलेशिमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NETWORK COMMAND SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०९ पूर्व स्वीकृति मिति २०८०/०२/१४ LT. No. 279336 चलानी नं. ६०१९५४५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 11 | 0 | 1500 | ४३०८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : OASIS HOUSE RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०८०/०१/२७ पूर्व स्वीकृति मिति २०८०/०२/१४ LT. No. 285723 चलानी नं. ६०२०१२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1200 | ४२२८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HASSAN BIN BAQER AL HUSSEIN CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८०/०२/१४ LT. No. 286687 चलानी नं. ६०२०२१०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | building welder | 1 | 0 | 1200 | ४२२८६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mile (Construction Worker) | 1 | 0 | 1200 | ४२२८६ | | | | | | | |

कम्पनी : AAMAL MIX READYMIX CONCRETE COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/१४ LT. No. 286688 चलानी नं. ६०२०१२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker | 5 | 0 | 1200 | ४२२८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति: २०८०/०२/१५)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल वमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा ब्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा ब्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितोको विवरण | ब्यक्तिगत धन जमानी दिनेको विवरण |
|---|---|---|
| १. नाम: कान्ति कुमारी अर्याल<br>ठेगाना: टिकापुर-८, कैलाली<br>वुवा: शिव प्रसाद अर्याल<br>बाजे: जय बल्लभ अर्याल<br>कर्जा शिर्षक: व्यक्तिगत कर्जा | कान्ति कुमारी अर्यालको नाममा दर्ता रहेको चितवन जिल्ला, कठार वडा नं. ०७/क स्थित कित्ता नं. ९१९ को क्षेत्रफल ०-४-०.७५ को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | गिता भट्टराई<br>ठेगाना: भरतपुर-७, चितवन<br>ससुरा: टिका राम भट्टराई<br>श्रीमान्: खेम राज भट्टराई |
| २. नाम: चन्द्र बहादुर सुनार<br>ठेगाना: खजुरा-१, बाँके<br>वुवा: पदमबहादुर सुनार<br>बाजे: गोरे सुनार<br>कर्जा शिर्षक: व्यक्तिगत कर्जा | चन्द्र बहादुर सुनारको नाममा दर्ता रहेका राधापुर वडा नं. ८ बाँके स्थित कित्ता नं. २५२ र २५५ को क्षेत्रफल क्रमशः १४३३.३४ व.मि. र १००० व.मि को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | निर्मला सुनार<br>ठेगाना: खजुरा-१, बाँके<br>ससुरा: पदम बहादुर सुनार<br>श्रीमान्: चन्द्र बहादुर सुनार<br><br>कालुराम कामी<br>ठेगाना: खजुरा-२, बाँके<br>वुवा: धन सिंह कामी<br>बाजे: बिरे कामी |
| ३. नाम: बल बहादुर दलामी<br>ठेगाना: बढैयाताल-१, बर्दिया<br>वुवा: जंगविर टोमटा<br>बाजे: अैवान टोमटा<br>कर्जा शिर्षक: व्यक्तिगत कर्जा | तिलसरा टमटाको नाममा दर्ता रहेको जमुनी वडा नं. ७ बर्दिया स्थित कित्ता नं. १०१८, ११०२, ११०४ र ११०७ को क्षेत्रफल क्रमशः १२८० व.मि.,६३५ व.मि.,६०५ व.मि. र १२५३ व.मि.को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | जंगविर टोमटा<br>ठेगाना: बढैयाताल-१,बर्दिया<br>वुवा: अैवान टोमटा<br>बाजे: लक्ष्मण टोमटा<br><br>तिलसरा टमटा<br>ठेगाना: बढैयाताल-१,बर्दिया<br>ससुरा: अैवान टोमटा<br>श्रीमान्: जंगविर टोमटा<br><br>सन्जु दलामी<br>ठेगाना: बढैयाताल-१,बर्दिया<br>ससुरा: जंगविर टोमटा<br>श्रीमान्: बल बहादुर दलामी |

**RELIANCE FINANCE LIMITED**
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा



## चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### ठेक्का सम्झौता अन्त्य किन नगर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०२/१५

यस चिङ्गाड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय र श्री न्यू भेरी इन्जिनियरिङ्ग वर्कसप वीरेन्द्रनगर- ४, सुर्खेत बीच मिति २०७८/०९/२५ मा ट्रस पुल निर्माण सामाग्री खरिद सम्झौता भएकोमा उल्लेखित ठेक्काको न्यून कार्य पनि शुरु नभएको र बाह्य समस्या बिना लामो समयसम्म निर्माण सामाग्री उपलब्ध नगराई निर्माण कार्य अगाडी बढाउन विभिन्न मितिमा लिखित तथा मौखिक ताकेता गर्दा समेत कुनै पनि जवाफ नदिएको, निर्माण कार्यका लागि Work Schedule पेश गर्ने सम्बन्धी कार्यालयको पत्र/सूचनालाई समेत बेवास्ता गरि निर्माण सामाग्री उपलब्ध गराउने तर्फ कुनै चासो नदेखाएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र ठेक्का सम्झौताको शर्त बमोजिम ठेक्का सम्झौता अन्त्य किन नगर्ने? ठेक्का सम्झौता गर्न नपर्ने कुनै मनासिब कारण भएमा ७(सात) दिनभित्र भरपर्दो कार्यतालिका र विश्वसनीय स्पष्टिकरण सहित आधिकारिक व्यक्तिहरु यस कार्यालयमा उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ । समयमा उपस्थित भई स्पष्टिकरण पेश नगरेमा वा प्राप्त स्पष्टिकरण जवाफ चित्तबुझ्दो नभएमा ठेक्का सम्झौताको शर्त तथा प्रचलित ऐन नियम बमोजिम कानूनी कारवाहीको प्रकृया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम/ठेक्काको विवरण | ठेकेदार कम्पनीको नाम |
|---|---|---|---|
| १. | 078-79/SQ/CRM/02 | श्रीखेत ट्रस पुल निर्माण सामाग्री खरिद | श्री न्यू भेरी इन्जिनियरिङ्ग वर्कसप वीरेन्द्रनगर-४, सुर्खेत |

**प्रमुख प्रशासकीय अधिकृत**

## स्थायित्वमा...

पृष्ठ १ बाट जारी

विचार गोष्ठी आयोजना गरेर मनाउँछौं,' गिरीले प्रभावसँग भने, 'पार्टीका विभिन्न तहमा कार्यक्रम आयोजना गरेर मनाउँछौं । नेपाली जनताले बलिदानीपूर्ण संघर्षले उपलब्ध गरेको ठूलो उपलब्धि हो । यसका विविध आयामका बारेमा समीक्षा पनि गर्छौं ।'

नेकपा माओवादी केन्द्र सरकारमा रहेको छ । यसैले माओवादी यसपटक सरकारले आयोजना गरेको औपचारिक कार्यक्रममा सहभागी हुने पार्टीका संसदीय दलका प्रमुख सचेतक हितराज पाण्डेले बताए । 'आफ्नो तर्फबाट सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै सम्मान जनाउने । ठूलो त्याग र समर्पण गरी ठूलो आँशु पसिनाका बीचबाट हामीले गणतन्त्र प्राप्त गरेका छौं,' पाण्डेले भने, 'जनयुद्ध र जनआन्दोलनमा आफ्नो ज्यानको पर्वाह नगरी सडकमा उत्रनेहरूलाई आभार व्यक्त गर्दै हामीले गणतन्त्र दिवस मनाउँदै आएका छौं ।'

गणतन्त्र दिवसको अवसरमा आयोजित कार्यक्रममासमेत सहभागी हुने पाण्डेले बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले भने कुनै कार्यक्रम आयोजना नगरेको पार्टीका महामन्त्री धवलशमशेर राणाले बताए । 'हामी त गणतन्त्र विरोधी हौं । राजासहितको हिन्दूराष्ट्र पक्षधर हौं । हामी गणतन्त्रको कट्टर विरोधी,' प्रभावसँग राणाले भने ।

### संघीयता राजतन्त्रको सत्रु, फर्कने कुरा फगत भ्रम

शीर्ष दलका नेताहरूले संघीयता राजतन्त्रको सत्रु भएकोले पछिल्लो चहलपहल भएको दाबी गरेका छन् । कांग्रेस प्रचार विभाग प्रमुख विश्वकर्माको भनाइ मान्ने हो भने अहिले गणतन्त्रविरोधी षडयन्त्र भइरहेको छ । 'राजतन्त्रका लागि मुख्य समस्या संघीयता हो । त्यसो भएकाले राजावादी संघीयताका विरोधमा लागेका छन् । संघीयता हटाउन सकिँदैन । संघीयता प्रयोग नै गलत हो भनेर लागि रहेका छन् । षडचन्त्र भइरहेको बुझिन्छ,' प्रभावसँग उनले भने, 'पूर्वराजाको पनि केही न होला संलग्नता । घुसपैठबारे सरकारलाई पक्कै थाहा होला ।'

कांग्रेस संघीयताको उपलब्धि रक्षाका लागि कटिबद्ध रहेकोसमेत उनले बताए । 'संविधानका उपलब्धि, संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता यो सबैको चाहनाबाट आएकोले हो । कसैको विरोध थियो होला,' उनले भने, 'तर, राष्ट्रिय सहमतिबाट हामीले बनाएका संविधानको उपलब्धि भएकोले नेपाली कांग्रेस यी उपलब्धिप्रति गौरव गर्दछ । र, यी उपलब्धि रक्षाका लागि नेपाली कांग्रेस कटिबद्ध छ ।'

प्रदेश संरचनाको विरोधमा खासै तुक नभएको उनको तर्क रह्यो । कोशीमा भएको आन्दोलनलाई संवादबाट सुल्झाउन सकिने विश्वकर्मा बताउँछन् ।

'प्रदेशको विषयमा संघीयता नयाँ प्रयोग हो । संघीयताको प्रयोग गर्ने सवालमा कहीँ अधिकारको विवाद भयो होला । कहीँ राजधानीको विवाद भयो होला । कहीँ नामको विवाद भइरहेको छ,' उनी भन्छन्, '१ नम्बर प्रदेशमा मुख्य कठिनाइ भएको छ । प्रदेशवासीहरूबाट यसको विरोध भइरहेको छ । संवादबाट यसको समाधान निकाल्नुपर्छ भन्ने हाम्रो पार्टीको तर्फबाट प्रयास गरिराखेका छौं । हिंसाबाट मुलुकलाई बाहिर निकाल्नुपर्छ ।'

एमाले संसदीय दलका प्रमुख सचेतक गिरी पनि राजतन्त्र फर्कनेमा विश्वस्त छैनन् । 'जन्मको आधारमा शासन गर्न पाउनुपर्छ भन्ने संस्थालाई फेरि ल्याएर मुलुकले गति लिन्छ भन्ने कुरा फगत भ्रम हो । यसको सम्भावना पनि छैन,' गिरी भन्छन्, 'पूर्वराजा भनेको देशमा राजनीतिक अस्थिरता मच्चाउने, कसैका राजनीतिक स्वार्थ पूरा गर्नका लागि यस्ता शक्तिहरूले कही न कहीँबाट प्रोभोक गर्ने काम भइरहेको छ । यसलाई हतोत्साही बनाउनुपर्छ ।'

प्रदेश संरचनाको विरोधबारे उनको मत विश्वकर्मासँगै मेल खान्छ । तर यसका लागि सही ढंगले कार्यान्वयन हुनुपर्ने गिरी बताउँछन् । 'हाम्रो मुलुकमा संघीयता तीन तहको ढाँचा समस्या हैन । मुख्य कुरा के हो भने हामी संघीयता सही ढंगले कार्यान्वयन गर्न सक्नुपर्‍यो । अहिले पनि कर्मचारी व्यवस्थापन हुन सकेको छैन । निजामती ऐन आउन सकिरहेको छैन । संघीय प्रहरी ऐन आउन सकिरहेको छैन । संघीया शिक्षा ऐन आउन सकिरहेको छैन,' गिरी भन्छन्, 'सही कार्यान्वयनका लागि नीति तथा कानुनहरू बनाउनुपर्‍यो । संघीयता बोझका रूपमा भन्दा पनि सही कार्यान्वयन र तीनै तहका सरकार जनताप्रति उत्तरदायी हुनुपर्ने देखिन्छ । यो संघीयताको विरोध गर्नुपर्ने बेला होइन ।'

माओवादी संसदीय दलका प्रमुख सचेतक पाण्डे राजतन्त्र आउँछ भनेर सोच्न पनि नसकिने तर्क गर्छन् । 'यसकाविरुद्ध सशस्त्र जनमुक्ति सेना बनाएर युद्धमा गएर हामीले हाम्रा परिवारका सदस्य गुमाएर, बलिदान गरेर आएको गणतन्त्र आएको हो । देश फेरि पछाडि फर्कने भन्ने कुरा सोच्न पनि सकिन्नँ,' पाण्डेले भने ।

संघीयता जोगाउन भने अझै संक्रमणकालीन न्यायका विषयहरू पूरा गर्नुपर्ने तर्क राख्छन् उनी । 'शान्ति प्रक्रिया अझै पूरा भएको छैन । दुईवटा निर्वाचन सम्पन्न भइसक्यो । अहिले हामी संक्रमणकालीन न्यायसँग सम्बन्धित कुरा पूरा भएका छैनन् । संसद्बाट यस्ता विधेयकहरू पारित गरेर हामी अगाडि बढ्नुपर्छ,' पाण्डेले भने ।

प्रदेश संरचना माटो सुहाउँदो प्रणाली भएको दाबी गर्दै उनले अहिले नै टिप्पणी गर्ने बेला भइनसकेको बताए । 'नितान्त नयाँ अनुभवमा अघि बढेका हौं । सुरुसुरुमा अनुभवको कमीले जनताले चाहेजसरी अघि बढ्न सकेका छैनौ । हाम्रो संघीयता मौलिक खालको छ । नकारात्मक टिप्पणी गर्ने बेला अझै भएको छैन,' उनले भने, 'कयौ कुरा संविधानमा उल्लेख भएका कुरा अझै संयोजन हुन सकेका छैन । हामी अभ्यास गर्दै जाँदा निराकरण गर्दै जान्छौं । माटो सुहाउँदो मोडल हो यो ।'

शासनका क्रममा नेताहरूको कमीकमजोरी देखिएको र त्यसलाई सुधारेर समृद्धिको यात्रामा अघि बढ्नुर्ने सुझाव छ उनको । 'हाम्रा कमीकमजोरी छन् । जनताले अपेक्षा छन् । फेरि निराश हुनुपर्ने अवस्था छैन । संकटकालीन अवस्था गुजारेर जनयुद्धको जगमा जनआन्दोलन गरेर यहाँसम्म आइपुगेका छौं । यो सामान्य कुरा हैन,' पाण्डेले भने, 'जनतालाई प्रत्यक्ष अनुभूति गराउन डेलिभरी दिनुपर्नेछ । निराशा भएर हैन आशावादी भएर समृद्धिको यात्रामा लाग्नुपर्छ । हामी आफैं रूपान्तरित भएर जनताको अपेक्षा पूरा गर्नलाई अघि बढ्नुपर्छ ।'

राप्रपा महामन्त्री राणाले भने आफूहरू राजतन्त्र फर्काउने अभियानमा लागेकोले परिवर्तनका पक्षमा जनताले साथ दिने दाबी गरे । 'गणतन्त्र र संघीयताले देशलाई डुबायो । हामी परिवर्तनको पक्षमा छौं । राजाको पक्षमा यहाँ पश्चिममा जनताको लाइन लागेको छ । यही अभियानलाई हामीले साथ दिइरहेका छौं,' राणाले भने ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०५८/०३/२२ मा दर्ता भएको **प्रा.लि. नं. १६०२७** को **गार्डेन कलर ल्याब प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MUTAWA SAMYONG NDT. CO.LTD.

पुर्व स्वीकृति मिति २०७९/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१४ | LT. No 284327 | चलानी नं. ६०१९९६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Tools Maintenance technician | 2 | 0 | 2200 | ७६,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com

## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES

पुर्व स्वीकृति मिति २०७९/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१४ | LT. No. 278288 | चलानी नं. ६०१९३७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 59 | 900 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manager | 2 | 3 | 3000 | १०८,२०५ | | | | | | | |
| 3 | Waiter | 20 | 70 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST

पुर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१४ | LT. No. 274949 | चलानी नं. ६०१९१०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 65 | 900 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Waiter | 0 | 62 | 1000 | ३५,६२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**

SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HIMALAYA DECORATION

पूर्व स्वीकृति मिति २०८०/०२/१३ | LT. No.286680 | चलानी नं.: ६०२०२०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1100 | ४०,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Decor Woodworker | 1 | 0 | 1100 | ४०,०६५ | | | | | | | |
| 3 | Representative | 16 | 0 | 2500 | ९१,०५५ | | | | | | | |
| 4 | Mechanical Engineer | 1 | 0 | 4500 | १६३,९०० | | | | | | | |
| 5 | Supervisor | 1 | 0 | 3500 | १२७,४७५ | | | | | | | |
| 6 | Technician | 1 | 0 | 1100 | ४०,०६५ | | | | | | | |
| 7 | Decoration Technician | 2 | 0 | 1300 | ४७,३५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Red Panda International Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. १३७५/०७४/०७५

P.O. Box No. 6546 Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4352910
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARMS TRADING AND CONTRACTING COMPANY BRANCH

पूर्व स्वीकृति मिति २०८०/०२/१० | LT. No. 286458 | चलानी नं. ६०२०२११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 3 | 0 | 1200 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः**१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


**Invitation for Bids**

# Chaurjahari Municipality
# Office of Municipal Executive

**Chaurjahari Rukum (West)**

## INVITATION FOR ELECTRONIC BIDS

***Date of Publication: 2080/02/15***

**Second Time Published Notice**

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chaurjahari Municipality Rukum (West)*[or may visit PPMO website **www.bolpatra.gov.np.**]*
2. Bidding documents is available online and can be downloaded from e-GP system: ***www.bolpatra.gov.np/egp***. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document fee Account No. : 4330100301010002 & Bid Security 4330100303000002 in the following bank.

   ***Name of the Bank: Rastriya Banijya Bank***
   ***Name of the Office: Chaurjahari Municipality*** ***Office Code No. : 801065***
   ***Revenue Head No. : 14265***

3. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Chaurjahari Municipality on or before 2080/02/30, 12:00 PM.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/02/30, 1:00 at the office of *Chaurjahari Municipality Rukum (West).* Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid .
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Chaurjahari Municipality Office invites sealed bids for eligible bidders for the procurement of following under National competition Bidding (SQ.) Procedure.

| S.N | Contract ID | Description of Items | Estimated Amount With Vat | Bid Security | Bid Document Form Fee (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1. | CJM/GOODS/SBQ/07/079/080 | PROCUREMENT OF Suupply and Delivery Raw Materials for Notebook Production Chaurjahari Municipality -11 Rukum (West) | NRS. 19,99,252.50 | NRS. 50000.00 | NRS. 1,000.00 |

**Chief Administrative Officer**
**Chaurjahari Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### शाही धङधडी छाड

मुलुकमा गणतन्त्र स्थापना भएको १६ वर्ष पुगेको छ । गणतन्त्रकालमा देशले दुईवटा संविधानसभाको चुनाव र दुईवटा संसदीय चुनाव सम्पन्न गरिसकेको छ । यो अवधिमा १३ पटक सरकारको नेतृत्व हेरफेर भयो । यही बीचमा गणतन्त्र प्राप्तिमा आफ्नो भूमिका अहम् भएको दाबी गर्ने दलकै शीर्ष तहबाट गणतन्त्रविरोधी क्रियाकलापसमेत भए । कहिले सरकारको नेतृत्वमा व्यवस्थामै नभएको प्रधानन्यायाधीशलाई ल्याउने त कहिले संसद् नै विघटन गरिदिनेजस्ता घटना गणतन्त्रकालकै अद्भूत घटना हुन् ।

आफूलाई गणतन्त्रकै हिमायती बताउने नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दुई–दुई पटक संसद् विघटन गरे । यसले गर्दा सर्वोच्च अदालतबाट परमादेशमार्फत प्रधानमन्त्री बनेका अनौठा घटना पनि भए । गणतन्त्रकालमा धेरैजना सरकारमा पुगे । मन्त्रीको लावालस्करै लाग्यो । प्रधानन्यायाधीश खिलराज रेग्मी नै सरकार प्रमुख बने । गणतन्त्रमा राष्ट्रपतिको शाही शैली पनि नेपालीले भोगे । दलहरू दलदलमा फस्दा अहिले नयाँ दलको पनि उदय भयो । टुक्राटुक्रा भएर विस्मृतिमा जान लागेको राष्ट्रिय प्रजातन्त्र पार्टीसमेत गणतन्त्रको विरोध गरेर संसद्मा बौरिएको छ । सदनमा राप्रपाको उपस्थिति र पूर्वराजा ज्ञानेन्द्र शाहको देश दौडाहालाई दलहरूले बुझ्नैपर्छ– वितृष्णा बढ्दो छ । १५ वर्षे अवधिमा सत्ता निर्माणको दौडधुपको तीव्र गतिलाई दाँज्दा विकास सुस्त छ । भ्रष्टाचारले देशलाई थिलथिलो पारेको भान हुन्छ अहिले । अझ गणतन्त्र दिवसमा त राजतन्त्रकै धङधडी बाँकी छ । गणतन्त्र आइसकेपछि पनि यो दिवस राजाकै शैलीमा सेनाको सीमित घेरामा टुँडिखेलमा मनाइन्छ । जनतालाई दीपावली गर्न संघीय सरकारले आदेश दिन्छ । कुनै पनि दिवस मनाउन वा त्यसप्रति प्रेम स्वतःस्फूर्त आउनुपर्छ नकि यो कुनै करकापबाट नहोस् । नेताको विरोध गर्दा पक्राउ पर्ने, सामाजिक सञ्जालका अभिव्यक्ति स्वतन्त्रविरुद्ध प्रधानमन्त्री आफैंले संसद्मै अभिव्यक्ति दिने गम्भीर खालका गतिविधि पछिल्लो समय जारी छ ।

जन्मको आधारमा शासनसत्ता चलाउँदा जनताको चाहना नबुझेको भन्दै कयौं आन्दोलनपछि जनतामा सत्ता आयो । तर, यो अहिले सीमित नेताको 'तातो आलु' खेलजस्तै भएको सत्ता । जनताको कुरा सुन्नै नचाहने प्रवृत्तिले व्यवस्थाप्रति संकट उत्पन्न हुन्छ नै । त्यसैले पनि दलहरू रूपान्तरण हुनु जरुरी देखिन्छ । दलहरू सच्चिनु आजको आवश्यकता हो । नभए जनताले विकल्प खोज्छन् । यसैले गणतन्त्र दिवसको अवसरमा सबै दलका नेताहरूले संकल्प गर्नैपर्ने विषय हो– सुशासन, समृद्धि र व्यवस्थित विकास । र, सच्याउनैपर्ने विषय हो– नेताको आचरण ।

## मनन्योग्य

### चाणक्य नीति

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए ।

प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो ।

राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो ।

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्ति सम्पन्न राज्य हो । क्रमशः

# गणतन्त्रले ल्याएको सकारात्मक नतिजा



▶▶ नेत्र सुवेदी 'प्रयाय'

गणतन्त्रको 'स्कोर कार्ड' राम्रै छ तर उत्कृष्ट भने छैन । पूर्वाधार तयार हुनु, संरचना विस्तार हुनु, अस्पताल र वृद्धाश्रम धेरै खुल्नुमात्र पनि विकास होइन । वास्तविक विकास त उत्पादकत्व बढ्नु, जीवनस्तर सुध्रनु, स्वास्थ्य अवस्थामा जोखिम कम हुन गई औसत आयु बढ्नु तथा सामाजिक सद्भाव थप कसिलो हुँदै जानुजस्ता परिणामसँग सम्बन्धित छ । तसर्थ, अब हुने विकास निर्माणका क्रियाकलापले जनताको जीवन, आय र सामाजिक सम्बन्धमा के-कस्तो फरक ल्याउन सक्यो भनेर हेर्न जरूरी छ ।

स्थानीय तहको गत वर्षको निर्वाचनबाट झण्डै ४१ प्रतिशत प्रतिनिधि महिला निर्वाचित भएका छन् । प्रशासनिक क्षेत्रमा अगुवा सेवाको रूपमा रहेको निजामती सेवामा गरिएको समावेशीकरणको कानुनी व्यवस्थाअनुरूप हालसम्मको पदपूर्तिसमेतका आधारमा जम्मा निजामती कर्मचारीमध्ये झण्डै २७ प्रतिशत महिला रहेको अभिलेखले देखाएको छ । जनजाति, दलित, मधेसी, अपांगता भएका र पिछडिएका क्षेत्रका व्यक्ति प्रशासनमा प्रवेश गर्ने क्रम बढेर गएको छ । राजनीतिक र प्रशासनिक जगतमा नेपाली समाजको चित्रण देखिन थालेको छ । वास्तवमा यो उपलब्धि भनेको १० वर्षे जनयुद्ध, २०६२/६३ को संयुक्त आन्दोलन र त्यसपछि संघीयताका लागि भएको आन्दोलन एवं संविधानले गरेको रूपान्तरणकारी व्यवस्थाअनुसार हालसम्मको कार्यान्वयनको परिणाम हो । अझ भनौं यो उपलब्धि गणतान्त्रिक नेपालले हासिल गरेको परिणाम हो ।

नेपालमा गणतन्त्र स्थापना भएको आज १५ वर्ष पूरा हुँदै छ । यसबीचमा शान्ति स्थापनाका काम निष्कर्षमा पुग्नुका साथै परिवर्तनको दह्रो प्रमाणका रूपमा जननिर्वाचित संविधानसभाबाट तयार भई जनताको संविधान लागू भएको छ । देशको शासकीय संरचना र शासन सञ्चालन विधि एवं नागरिक अधिकारका दृष्टिले वर्तमान संविधान एक आमूल परिवर्तनको दस्तावेजसमेत हो । पटक-पटक भएका आन्दोलनबाट प्राप्त उपलब्धिस्वरूप हाम्रो मुलुक लोकतान्त्रिक गणतन्त्रात्मक र संघीय शासकीय ढाँचा अभ्यास गर्ने अवस्थामा पुगेको छ । नयाँ शासकीय संरचनाको अभ्यासबाट केही राम्रा परिणाम आएका छन् । केही सुधारका गुञ्जायस पनि होलान् । तर प्रणाली सञ्चालनमा रहेका कमजोरीलाई लिएर व्यवस्थामाथि नै प्रहार हुनु भने राम्रो होइन ।

दश वर्षे जनयुद्ध, २०६२/६३ को जनआन्दोनको परिणामस्वरूप मुलुकमा लोकतन्त्र स्थापित भएसँगै जारी भएको अन्तरिम संविधानले विस्तृत शान्ति सम्झौताका विषयहरूका साथै समानुपातिक प्रतिनिधित्वको विषय समेटेको थियो । संविधानसभाको निर्वाचन गर्ने र निर्वाचित प्रतिनिधिबाट जनइच्छाबमोजिम संविधान जारी गर्ने प्रमुख जनादेश रहेको अन्तरिम संविधानको मर्मअनुसार निजामती सेवालगायत सार्वजनिक सेवामा समावेशी प्रबन्धलाई समेट्ने काम गर्‍यो । उक्त प्रावधानकै कारण प्रशासनमा नेपाली समाजको विविधतायुक्त चित्र देखिन थालेको छ ।

त्यसैगरी न्यूनतम् ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने राजनीतिक अठोटका कारण प्रतिनिधित्व बढ्दै गएको छ । नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषणा गर्दै विविध नयाँ व्यवस्था समेटेको नेपालको संविधानले गरेको व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहको निर्वाचन दोस्रोपटक सम्पन्न भई समानुपातिक प्रणालीसहितको प्रतिनिधित्व र विविधतासहितको नेतृत्व विकास र विभिन्न तहका जनताबीच विकास र समाजसेवाको अवसर प्राप्त पनि गरेका छन् । यतिमात्र होइन, जनताको नजिक सेवा प्रदायक निकाय पुगेका छन्, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासका लागि स्रोतको मात्र हैन विधि बनाउने, कार्यान्वयन गर्ने र जनशक्ति परिचालन गर्ने अधिकारसमेत विकेन्द्रित भएको छ ।

संविधानमा पहिलोपटक राष्ट्रिय हितका तत्त्व र नागरिकले पूरा गर्नुपर्ने दायित्वमात्र उल्लेख छैनन् कि अधिकारमुखी दृष्टिकोणबाट थप १० मौलिक हक साविकका प्रावधानमा थप गरिएका छन् । मौलिक हक कार्यान्वयनका लागि आवश्यक ३०० भन्दा बढी कानुन बनेका छन् र कतिपय कानुन संशोधन भएका छन् । यी विषयलाई पनि गणतन्त्र प्राप्तिपछिको उपलब्धि मान्न सकिन्छ । नेपालगञ्जस्थित मुस्लिम समुदायको साधारण परिवारमा हुर्केकी र पढाइमा अब्बल मोहना अन्सारीले राज्य संरचनामा पूरै एक दशक सेवा गरिन् । चार वर्ष राष्ट्रिय महिला आयोगको सदस्यका रूपमा र छ वर्ष राष्ट्रिय मानवाधिकार आयोगको आयुक्तका रूपमा । दुवै जिम्मेवारी महत्त्वपूर्ण थिए र उनको भूमिकामा उनले राम्रो प्रभाव छोड्न सकिन् । उनका अनुसार नेपाली महिलाले पनि हरेक विषय क्षेत्रमा आफूलाई सबल प्रमाणित गरिसकेका छन् । उनकै प्रसंगमा पूर्वअमेरिकी राजदूत ऱ्याण्डी बेरीले एकपटक भनेका रहेछन्, 'मोहनाजी तपाईं चकित पर्नुहुन्छ होला, मैले बाँकेका मदरसा घुम्दा विद्यार्थी बालबालिकालाई भविष्यमा के बन्ने इच्छा छ भनी सोधेको थिएँ । उनीहरूले हामी त मोहना अन्सारीजस्तो बन्ने पो भने । 'यो प्रसंगबाट पनि मोहनाले आफ्नो समुदायमा राम्रै छाप छाड्न सफल भएको पुष्टि हुन्छ ।'

सामाजिक परिसूचकमा भएका उपलब्धिलाई तुलनात्मकरूपमा हेरौं । गणतन्त्र स्थापना हुनुभन्दा अघिल्लो वर्ष नेपालभर रहेका जिल्ला अस्पताल वा सो भन्दा ठूला अस्पतालको संख्या जम्मा १०२ वटा रहेकामा २०७९ सालमा यो संख्या २०१ पुगेको छ । स्वास्थ्य सेवाका मुख्य आधारका रूपमा रहेका चिकित्सक डाक्टरको संख्या सोही अवधिमा १६२७ बाट बढेर ३० हजार १३३ पुगेको छ । यो भनेको १८ गुणाभन्दा वढी हो । त्यस्तै २०६४-७९ को अवधिमा नेपालीको सरदर आयु ६४ वर्षबाट ७२ वर्ष पुगको, बाल मृत्युदर प्रतिहजारमा ४८ बाट २८ मा घटेको, पाँच वर्षमुनिका शिशु मृत्युदर प्रतिहजारमा ६१ बाट ३३ मा झरेको तथ्यांकले देखाएको छ ।

अस्पताल वा स्वास्थ्य संस्थामा गई बच्चा जन्माउने प्रवृत्तिलाई नियाल्दा यस्तो प्रतिशत १८ बाट ७९ पुगेको छ । यसैगरी शिक्षातर्फका मुख्य तथ्यांकलाई तुलना गरेर हेर्ने हो भने साक्षरता दर २०६४ सालमा ६१ प्रतिशत रहेकोमा २०७९ मा ७६ प्रतिशत पुगेको छ भने प्राथमिक, आधारभूत र माध्यमिक गरी तीनवटै तहका विद्यालयको संख्या बढेको छ । प्राथमिक तहमा भर्नादर २०६४ सालको ९५ प्रतिशतबाट बढेर ९७ प्रतिशत पुगेको छ र १२ कक्षासम्मकै विद्यार्थीको संख्या छात्रभन्दा छात्रा बढी छ । यी विषयलाई सामाजिक क्षेत्रमा कुँदिएको गणतन्त्रकालको सुन्दर तस्बिर भनेर दाबी गर्न मिल्छ ।

देशको आर्थिक विकास र वित्तीय व्यवस्थापनको क्षेत्रमा पनि थुप्रै सुधारका प्रयासहरू भएका छन् । सडक, पुल, भवन, जलविद्युत् योजना, विमानस्थल, सिँचाइ नहर, केवुलकार, सुरुङमार्गको निर्माण पनि अघि बढेका छन् । वि.सं. २०६४ मा ३१ हजार ९४६ रूपैयाँ रहेको प्रतिव्यक्ति आय २०७९ मा आएर एक लाख ८२ हजार ६८३ पुगेको छ । गरिबी निवारणलाई मापन गर्ने बहुआयामिक गरिबी दर सन् २०१४ मा २८.६ प्रतिशत जनसंख्या गरिब देखाएकामा हाल यो प्रतिशत घटेर १७.४ मा झरेको छ ।

त्यस्तै संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले विश्वव्यापीरूपमा प्रयोगमा ल्याएको मानव विकास सूचकांकबाट हेर्दा नेपालको सूचकांक सन् २०१० मा ०.४२३ रहेकोमा सुधार भई हाल ०.६०२ पुगेको छ । त्यस्तै लैंगिक असमानता सूचकांक वि.सं. २०६४ मा ०.७१६ रहेकामा वि.सं. २०७९ मा यो अंक घटेर ०.४५२ मो ओर्लेको छ । लगानी वातावरणको संकेत गर्ने सूचकका रूपमा लिइने 'डुइङ विजिनेस प्रतिवेदन, २०२०'ले नेपालको स्थान अघिल्लोपटकको ११०औं बाट सुधार भई ९४ मा ओर्लेको देखाएको छ । यो बाहेक अन्य सूचक जस्तो कि मानव विकास प्रतिवेदन, भ्रष्टाचार नियन्त्रण र पारदर्शितासम्बन्धी सूचकांक, विश्व नवप्रवर्तन सूचकांकका पछिल्ला संस्करणहरूले नेपालको स्थान सुदृढ भएको देखाएका छन् ।

यातायात विकासको पाँच वर्षे रणनीतिक योजना (२०७३-७८) ले राष्ट्रिय राजधानीलाई प्रदेश राजधानीसँग कमसेकम एकएकवटा चार लेन सडकले जोड्ने तथा भारत र चीन जोड्ने पाँच राजमार्ग, पूर्व-पश्चिम राजमार्गबाहेक पूर्व-पश्चिम जोड्ने थप तीन मार्गको निर्माण र ७५ वटै जिल्ला सदरमुकाममा सडक निर्माण गर्ने लक्ष्य लिएकोमा अधिकांश लक्ष्य पूरा भएका छन् र हुम्ला जिल्ला सदरमुकाम यही वर्ष राष्ट्रिय सडक सञ्जालमा जोडिँदै छ । सडक विभागको तथ्यांकअनुसार २०६४ सालमा पाँच हजार ४०२ किलोमिटर रहेको पक्की सडक २०७८ सालमा १६ हजार ६१४ किलोमिटर पुगेको छ भने पक्की, कच्ची र ग्राभेल गरी सडकको लम्बाई ३३ हजार ७१६ किलोमिटर पुगेको छ ।

ऊर्जा प्रयोगको अवस्थालाई नियाल्दा विद्युत् पहुँच पुगेका घरपरिवार २०६४ सालमा ५६ प्रतिशत रहेकोमा २०७८ सालमा यो प्रतिशत ९२ पुगेको देखिन्छ । त्यस्तै शौचालयको प्रयोग गर्ने घरपरिवारको प्रतिशत ४९ प्रतिशतबाट दोब्बरले बढेर ९६ प्रतिशत पुगेको छ । ऊर्जाको उत्पादनमात्र होइन, बहुआयामिक प्रयोगका साथै बचत हुन जाने ऊर्जा निर्यातसमेत गरी आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउनेगरी काम भइरहेका छन् । यसैगरी दूरसञ्चार पूर्वाधार र सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा पनि द्रुतगतिमा कामहरू भइरहेका छन् । २०७२ को महाभूकम्पपछिको प्रतिकार्य, पुनर्निर्माण र पुनःस्थापनाको सवाल होस् वा कोभिड-१९ को प्रभावकारी व्यवस्थापनको विषय नै किन नहोस् सिंगो देश र प्रदेश तथा स्थानीय तहहरूले पनि आ-आफ्नो क्षेत्रका र सहकार्यसमेत गरी राम्रो नतिजा निकालेको निष्कर्ष छ ।

त्यस्तै स्थानीय आर्थिक विकासको मामिलामा र सेवा प्रवाहमा सुधारका लागि धेरै स्थानीय तहहरू सिकाइकै चरणमा अब्बल प्रमाणित भएका छन् । खराबीलाई झाँगिन नदिने र स्थानीय सम्भावनाको बढीभन्दा बढी प्रयोग गर्दै वातावरणमैत्री हिसाबले विकासका क्रियाकलाप अगाडि वढाउने स्थानीय तहहरूले सिंगो मुलुक निर्माणमा योगदान गरिरहेका छन् । सफल हुनेबाट अरुलेसमेत सिक्न जरुरी छ । गणतन्त्रको 'स्कोर कार्ड' राम्रै छ तर उत्कृष्ट भने छैन । पूर्वाधार तयार हुनु, संरचना विस्तार हुनु, अस्पताल र वृद्धाश्रम धेरै खुल्नुमात्र पनि विकास होइन । वास्तविक विकास त उत्पादकत्व बढ्नु, जीवनस्तर सुध्रनु, स्वास्थ्य अवस्थामा जोखिम कम हुन गई औसत आयु बढ्नु तथा सामाजिक सद्भाव थप कसिलो हुँदै जानुजस्ता परिणामसँग सम्बन्धित छ । तसर्थ, अब हुने विकास निर्माणका क्रियाकलापले जनताको जीवन, आय र सामाजिक सम्बन्धमा के-कस्तो फरक ल्याउन सक्यो भनेर हेर्न जरुरी छ ।

बहुआयामिक गरिबी मापन, मानव विकास प्रतिवेदनले केही हदसम्म यी विषयलाई विश्लेषण गरेको पनि पाइन्छ । गणतन्त्र स्थापनापछि प्रतिनिधित्वमा विविधता देखिएजस्तै नेपालीको समग्र उत्पादन क्षमता, लगानीयोग्य आय र मुलुकको शासकीय क्षमतामासमेत महसुस हुनेगरी सुधार आवश्यक छ । सडकको लम्बाई र गुणस्तर, ऊर्जा सुरक्षा, मानवीयता, नागरिकमा देखिएको सचेतना जस्तै सबै क्षेत्रमा दक्षता, प्रभावकारिता बढ्नु आवश्यक छ । यी विषय हासिल हुनका लागि सुशासन र विकासमा निरन्तर एवं इमान्दार प्रयत्न र अनुशासन आवश्यक छ ।

केही अपवादयुक्त खराब नतिजालाई लिएर सिंगो मुलुकको बृहत् रूपान्तरणलाई स्वीकार गर्न आनाकानी गर्नु उपयुक्त होइन । लोकतान्त्रिक गणतन्त्र र संघीयतालाई नागरिकमैत्री बनाई मुलुकको समृद्धि र समुन्नतिको ढोका खोल्नका लागि गणतन्त्र दिवस, २०८० ले हामी सबैलाई प्रेरणा देओस् यही शुभकामना । *रासस*

***(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुन्)***

# गणतन्त्र र जनताको लडाइँ



▶▶ नम्रता शर्मा

नेपालमा गणतान्त्रिक प्रणाली भए पनि पितृसत्तात्मक र सामन्ती मनस्थिति अझै हाबी छ । राजनीतिक क्रान्तिले मात्र नेपालमा पुगेको छैन । एक सामाजिक क्रान्तिको जरूरी छ । यसले लैंगिक समानता र समावेशीकरण गणतन्त्रको मूल सिद्धान्त हो भनेर सबैलाई आत्मसात् गराउँछ । ऐन कानुन जति बनाए पनि कार्यान्वयनमा नेपाल धेरै पछाडि छ । जबसम्म महिलाको घरेलु कार्यको पनि नगदी मूल्यांकन हुँदैन, घरभित्रको स्याहारसुसारको अर्थव्यवस्था राष्ट्रिय अर्थव्यवस्थाको लेखाजोखा गरिँदैन, तबसम्म नेपाली महिलाले देशको आर्थिक प्रणालीमा पुऱ्याएको योगदानको कदर हुँदैन ।

दक्षिण एसियाली मुलुकमा वाक स्वतन्त्रता र खुलारूपमा मानवअधिकारसम्बन्धी सभा सम्मेलन गर्ने मुलुकमध्ये नेपाल र श्रीलंका अगाडि पर्छन् । विश्वकै पुरानो र ठूलो गणतान्त्रिक मुलुक भारतमासमेत आजभोलि यस्ता सभा सम्मेलन गर्न संघसंस्था हिचकिचाउँछन् । नेपाल र नेपालीका लागि यो गर्व गर्ने कुरा हो । हालै प्रेस स्वतन्त्रता दिवसको कार्यक्रममा भारतको 'द वायर'का सम्पादक सिद्धार्थ वर्धराजनले काठमाडौं दक्षिण एसियाको सम्मेलन गर्ने र मानवअधिकारको खुलारूपमा वार्तालाप गर्न आउने थलो भएको धारणा राखेका थिए । संघीय गणतन्त्र नेपालका लागि यो एक खुसी र गर्वको कुरा हो । यो सत्यतालाई आत्मसात् गर्दा हामीले वास्तवमा नेपालमा संघीय गणतन्त्र सफल भयो त भनेर आपसमा पस्न र छलफल गर्ने समय भने आएको छ ।

१०४ वर्षको एकतान्त्रिक राणाशासन, ३० वर्षको राजतन्त्रात्मक पञ्चायती शासनको अन्तः गरेर २०४६ सालमा नेपालमा प्रजातन्त्र पुनःस्थापना भएको थियो । त्यसपश्चात् नेपालमा एकदलीय पञ्चायती व्यवस्थाको अन्तः भएर बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र स्थापना भयो । तर, प्रजातन्त्रको संस्थागत गर्ने क्रममा नेपालमा धेरै संघर्ष नै राख्यो । २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको वंश हत्या भएको पाँच वर्षपछि २०६३ जेठ १९ गतेको उही दिन पारेर नेकपा माओवादीले खुलामञ्चको सेरोफेरोमा विशाल शक्ति प्रदर्शन गरेर राजाको समारोहस्थल सैनिक मञ्चलाई कब्जामा लिएको ऐतिहासिक दिन नेपालको इतिहासमा एक महत्त्वपूर्ण दिनका रूपमा अंकित भएको छ । त्यो क्षणका तस्बिर अझै आँखासामुन्ने झलझल आउँछ । वि.सं. २०६२/६३ को जनआन्दोलनको जगमा भएको निर्वाचनबाट गठित संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । २३८ वर्ष लामो शाह वंश राजपरम्पराको अन्त्यको घोषणा भएको उक्त दिनलाई प्रत्येक वर्ष गणतन्त्र दिवसका रूपमा मनाउन थालिएको छ ।

राजतन्त्रबाट संवैधानिक राजतन्त्र हुँदै नेपाल संघीय गणतन्त्रमा आइपुगेको छ । गणतन्त्र भनेको त्यो शासनव्यवस्था हो जहाँ सार्वभौमसत्ता जनताको हातमा र उनीहरूले चुनेर पठाएका प्रतिनिधिमा हुन्छ । यस प्रणालीमा निर्वाचित या मनोनीत राष्ट्रपति प्रमुख हुन्छ राजा हुँदैन । गणतान्त्रिक मुलुकमा देशको प्रशासन एक सार्वजनिक मुद्दाका रूपमा हेरिन्छ, कुनै शासकको निजी मामिलाका रूपमा होइन ।

जनताले गणतन्त्रको नारा लगाएर राष्ट्रिय सहमतिको चाहना प्रदर्शन गर्दै यसको माग गरेर देशमा गणतन्त्र ल्याएको १५ वर्षपछि अहिले संघीय गणतान्त्रिक नेपालमा नेपाली नागरिकलाई नै अनागरिक बनाएर मानव तस्करीको आरोपमा यही प्रणाली स्थापना गर्ने धेरै नेताहरूको नाम मुछिन पुगेको छ, जुन यो मुलुकका लागि विडम्बना हो । जुन उत्साह, उमंग र आकांक्षाले नेपाली जनताले गणतन्त्रको स्थापना गरेको थियो, आजको अवस्था हेरेर जनताले आवाज उठाउन थालेको छ जनताको राज भएको प्रणालीमा जनताको आँखामा छारो हाल्नुको साटो जवाफ र न्याय चाहियो भनेर ।

नेपालको इतिहासमा जब क्रान्तिले निर्णायक मोड लिनुपर्ने बेला हुन्छ, तब क्रान्तिलाई कुल्चन देशी विदेशी प्रतिक्रियावादीको षडचन्त्रात्मक साठगाँठमा हुने प्रचलन भएको पाइन्छ । यस्तै विभिन्न कडी पार गरेर गणतन्त्र भने स्थापना भएरै रहयो । अब यो प्रणालीलाई उखाड्न या विथोल्न भने दिन हुँदैन । हालको आरोपित भ्रष्टाचार र मानव तस्करीको काण्डले नेपाललाई देशभित्र र बाहिर हल्लाइदिएको छ । यस्तो अवस्थामा, नेपाली जनताले देशको सार्वभौमसत्ता जोगाउन गरेको विगतका ऐतिहासिक क्षण सम्झन जरूरी छ । आफ्नो ज्यानलाई जोखिममा राखेर पनि देश र जनताको हकहितको रक्षा गर्न नेपाली जनता सदैव तत्पर रहेका उदाहरण धेरै छन् । अहिले पनि सडक र सदन दुवैमा आवाज उठिरहेको छ । गणतन्त्रमा देशको मामिला भनेको सार्वजनिक मामिला हो त्यसैले शासकले, चाहे त्यो जनताले चुनेरै पठाएका भए पनि, देशको मामिलालाई लुकाउन पाइँदैन । यो खुलारूपमा जनतासमक्ष राख्नुपर्छ । ओहोदामा जति माथि र शक्तिशाली भए पनि न्यायको कठघरामा सबैलाई ल्याएर गणतन्त्रको सही मान्यतालाई जोगाउन जरूरी छ ।

विगत चार दशकमा नेपालमा ठूलो राजनीतिक परिवर्तन आएको छ । ऐन कानुन पनि नयाँ बन्नुका साथै पुराना पनि संशोधन भएका छन् । विशेष गरेर नयाँ ऐन कानुन बन्दा र संशोधित हुँदा महिला, सीमान्तकृत समुदाय, वृद्ध, अपांगतासहितका व्यक्तिका साथै यौनिक अल्पसंख्यकमैत्री बनाइएका छन् । यस्ता ऐन कानुनमा सुधार गर्नुपर्ने ठाउँ धेरै छन् । तर, हकअधिकारबाट वञ्चित भएका नेपालीलाई यस्ता ऐनमा टेकेर आफ्नो संवैधानिक अधिकार सुनिश्चित गर्ने प्रणाली स्थापना भएको छ । शिक्षा स्वास्थ्य र सरकारी कार्यालयको कार्यपदमा महिला र सीमान्तकृत समुदायका लागि विषेश आरक्षणको व्यवस्था पनि भएको छ । यसले लैंगिक र सामाजिक विभेद कम गर्नमा सहायता भएको छ । घरेलु हिंसा, गर्भपतनको अधिकार, पैत्रिक सम्पत्तिमा समान अधिकार स्थापित भएको छ । नेपालको संविधानले नेपाली जनतालाई राजनीतिक व्यवस्थामा सबैलाई समेट्न प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरेको छ । साथै, सरकारको हरेक प्रमुख र उपप्रमुखमा महिला, पुरुष र विभिन्न समुदायको समानुपातिक प्रतिनिधित्वको व्यवस्था पनि गरेको छ । यी सबै सकारात्मक र जनआन्दोलनका साथै गणतान्त्रिक मुलुकलाई सुहाउँदो व्यवस्थाहरू हुन् ।

संघीय गणतान्त्रिक नेपालको पहिलो निर्वाचनमा यही निर्वाचन व्यवस्थाले गर्दा स्थानीय चुनावमा प्रमुख र उपप्रमुख गरेर ४६ प्रतिशत महिला प्रतिनिधित्व चुनिएका थिए र सदनमा ३३ प्रतिशत । यो एसिया र विश्वमा नै महिला नेत्रित्वको उदाहरणीय नतिजा हुन पुगेको छ । दोस्रो निर्वाचनमा महिला प्रतिनिधिको संख्यामा उल्लेखनीय वृद्धि भएन तर यो आँकडामा कमी पनि आएन । स्थानीय निकायमा महिला प्रतिनिधित्वको यो नतिजाले नेपाली जनसमुदायमा नेपाली माहिला शक्तिशाली ओहोदामा पुग्न सक्छन् भन्ने स्थापित गऱ्यो । शक्तिशाली ओहोदामा पुरुषमात्र हुने प्रथालाई यसले चुनौती दियो । उद्देश्य राम्रो भए पनि राजनीतिक दलले नेपालको यो संवैधानिक मर्मको पूरै कदर भने गर्न बाँकी नै छ । प्रत्यक्षमा पुरुषलाई प्राथमिकता र समानुपातिकमा महिला र सीमान्तकृत समुदायका माहिला र पुरुषलाई बन्दसूचीमा राख्दा आफन्त र आफ्ना बफादारलाई मौका दिने अलिखित प्रथा राजनीतिक दलले चलाए । साथै, प्रमुखमा पुरुष र उपप्रमुखमा महिलालाई उम्मेदवार बनाउने चलन सुरु भयो । तर, नेपालमा छोरीको शिक्षामा भएको प्रगतिमा यसको ठूलो नकारात्मक असर देखिएको छ । रूम टु रिड भन्ने संस्थानको अनुसन्धानअनुसार यसले गर्दा नेपालमा ५२ प्रतिशतभन्दा बढी विपन्न वर्गका किशोरी विद्यालयबाट निकालिएर रोजगारीका लागि विस्थापित हुने अनुमान छ ।

नेपालमा गणतान्त्रिक प्रणाली भए पनि पितृसत्तात्मक र सामन्ती मनस्थिति अझै हाबी छ । राजनीतिक क्रान्तिले मात्र नेपालमा पुगेको छैन । एक सामाजिक क्रान्तिको जरुरी छ । यसले लैंगिक समानता र समावेशीकरण गणतन्त्रको मूल सिद्धान्त हो भनेर सबैलाई आत्मसात् गराउँछ । ऐन कानुन जति बनाए पनि कार्यान्वयनमा नेपाल धेरै पछाडि छ । जबसम्म महिलाको घरेलु कार्यको पनि नगदी मूल्यांकन हुँदैन, घरभित्रको स्याहारसुसारको अर्थव्यवस्था राष्ट्रिय अर्थव्यवस्थाको लेखाजोखा गरिँदैन, तबसम्म नेपाली महिलाले देशको आर्थिक प्रणालीमा पुऱ्याएको योगदानको कदर हुँदैन । गणतन्त्रको १५औं वर्षमा लम्कँदा पनि नेपाली जनताको लडाइँ जारी नै छ । त्यसमा पनि लैंगिक र समाजिक समावेशीकरण पूर्णरूपमा हुन त धेरै बाँकी नै छ । *रासस*

### सहिद परिवारको प्रश्न–

# सहिदको सपना कहिले पूरा हुन्छ ?

**काभ्रे-** मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको आज १५ वर्ष पूरा हुँदै छ । पन्ध्र वर्षको अवधिमा गणतन्त्रको मूल मर्मअनुसार शान्ति, राजनीतिक स्थायित्व र समृद्ध मुलुक हुनुपर्नेमा त्यसो नभएको सहिद परिवारको गुनासो छ ।

'गणतन्त्र स्थापनापछि नागरिकले शान्ति, विकास र भ्रष्टाचारमुक्त नेपालको कल्पना गरेका थिए, त्यसो भएझैं लाग्दैन,' हालै सरकारद्वारा सहिद घोषणा गरिएका काभ्रेपलाञ्चोकको बनेपाका मुकेश कायस्थकी आमा मिराले भनिन् । दोस्रो जनआन्दोलनमा घाइते भई अचेत अवस्थामा रहेका मुकेशको गत वैशाख २७ गते उपचारका क्रममा अस्पतालमा निधन भएको थियो । मिरा भन्छिन्, 'गणतन्त्रका खातिर मेरो म जस्तै धेरैका आमाको काख रित्तियो, धेरैको सिउँदो पुछियो, धेरैले आफ्ना भरोसा गुमाए । उनीहरूको जीवनको त्यागको भावनाअनुसार सरकार र नेता चल्नुपर्छ, सहिदको सपना कहिले पूरा हुन्छ ? हामी यत्ति जान्दछौं ।'

छोरोको बलिदानको बदला आफूले शान्ति, विकास र भ्रष्टाचारमुक्त नेपालको कल्पना गरेको मुकेशका बाबु कृष्णमान दोहोऱ्याउँछन् । 'मेरो छोरा १७ वर्षसम्म अचेत अवथामा छट्पटाइरह्यो, अब देशमा हामीले कल्पना गरेझैं होला कि भन्ने सोचेर होला, उसले पनि तीन हप्ताअघिमात्रै कहिल्यै नउठ्ने गरी हामीबाट विदा भयो,' उनले भक्कानिँदै भने । सरकारले हाल भ्रष्टाचारविरुद्ध चालेका कदमप्रति उनले खुसी पनि व्यक्त गरे । आन्दोलनका घाइते र सहिदलाई सरकारले सम्झिरहोस् भन्ने चाहना कायस्थ दम्पतीको छ ।

सरकारले अचेत अवस्थामै निधन भएका बनेपा नगरपालिका-८ का ३२ वर्षीय मुकेशलाई यही जेठ २ गते 'राष्ट्रिय सहिद' घोषणा गरेको छ । यसअघि मुकेश 'जिउँदो सहिद'का रूपमा परिचित हुँदै आएका थिए । परिवारको एक्ला छोरा मुकेश जनआन्दोलनमा घाइते हुँदा १५ वर्षको थिए । जनआन्दोलनताका मुकेश बनेपाकै विद्यासागर स्कुलको कक्षा आठमा पढ्दै थिए ।

लोकतन्त्रका खातिर जनआन्दोलन भइरहँदा २०६२ चैत २७ गते कायस्थलाई बनेपास्थित तीनदोबाटोमा बाँया कञ्चटमा सुरक्षाकर्मीको गोली लागि गम्भीर घाइते भएका थिए । त्यसै दिनदखि होस् नखुलेकै अवस्थामै उनको निधन भएको हो । उनी बोल्नसमेत सक्दैनथे भने बाँया हात र बाँया गोडा राम्रोसँग चल्दैनथ्यो । गोलीको घाउ निको भए पनि मुकेशको टाउकोमा गहिरो खाल्डो नै थियो ।

यस्तै सहिदको सपना पूरा नभएकोमा दुखित नै छ दोस्रो जनआन्दोलनमा ज्यान गुमाउने पहिलो व्यक्ति काभ्रेपलाञ्चोकको दाहाल परिवार । बनेपा-४ का भिमसेन दाहाल दोस्रो जनआन्दोलन चलिरहँदा २०६२ चैत २६ गते शाहदात प्राप्त गरेपछि त्यतिबेला आन्दोलनले चर्को रूप लिएको थियो । 'उहाँले परिवर्तनका पक्षमा आहूति दिनुभयो, उहाँहरूको कदर राज्यले गर्नुपर्छ, स्मृति दिवस पनि परिवारले हैन राज्यले मनाउनुपर्छ,' दाहाल पत्नी सविता भन्छिन् ।

सरकारले सहिदको सच्चा सम्मान गर्न नसकेको गुनासो गर्दै सविताले सहिदको सपना पूरा गर्दै उचित सम्मान गर्न आग्रह गरिन् । तत्कालीन समयमा पोखरा बस्दै आएका दाहाल महेन्द्रपुल चोक नजिकै आन्दोलनमा सहभागी भएलगत्तै सेनाको गोली लागेर भुइँमा ढलेपछि उनको घटनास्थलमै ज्यान गएको थियो । 'मैले पति गुमाए, छोराछोरीले उनका बाबु, तर सरकारले सरकारले सहिदको सपना नगुमाओस्, यही चाहना छ,' सविताले भनिन् ।

दोस्रो अनआन्दोलनका क्रममा काभ्रेपलाञ्चोकका चार युवाले ज्यान गुमाएका थिए । पनौतीका सगुन ताम्राकार कलंकीमा, भिमखोरीका शिवहरि कुँवर बनेपामा र नाग्रे गगर्चेका सुनिलकुमार लामा काठमाडौंस्थित जोरपाटीमा मारिएका थिए । सोही आन्दोलनमा घाइते भई १७ वर्षसम्म अचेत अवस्थामा सुतिरहेका बनेपाका मुकेशले केही हप्ताअघि मात्रै प्राण त्यागेका हुन् । उक्त आन्दोलनमा जिल्लाका ४० घाइते भएका थिए ।

जनआन्दोलन २०६२/६३ को जगमा भएको निर्वाचनबाट गठित संविधानसभाको पहिलो बैठकले २३८ वर्ष लामो शाहवंश राजपरम्परा अन्त्यको भएको जनाउँदै २०६५ जेठ १५ गते संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । उक्त दिनलाई प्रत्येक वर्ष गणतन्त्र दिवसका रूपमा मनाउँदै आइएको छ ।

तत्कालीन अवस्थामा नेपाल कम्युनिस्ट पार्टी माओवादीद्वारा सञ्चालित सशस्त्र द्वन्द्वमा पनि हत्या, बेपत्ता, हिंसा, बलात्कारलगायत यौनजन्य हिंसाबाट धेरै नागरिक पीडित बन्न पुगे । राज्यपक्ष र तत्कालीन विद्रोही पक्षबाट व्यक्तिको सम्पत्ति कब्जा, क्षति, आगजनीलगायत घटनाले नागरिक विस्थापितसमेत बन्न पुगेका थिए । जिल्लामा २७१ मृतक परिवार, ८० घाइते/अपांग, विस्थापनमा ६०, द्वन्द्वपीडित बालबालिकामा १९१, द्वन्द्वपीडित महिलामा ८४ र ३२ बेपत्ता परिवारले सरकारी क्षतिपूर्ति तथा राहत लिएको काभ्रेपलाञ्चोक प्रशासनको तथ्यांक उल्लेख छ ।

द्वन्द्वमा मृत्यु र बेपत्ता भएकालाई उक्त समयमा तीन लाख रूपैयाँ, घाइतेलाई उसको प्रतिशत हेरेर, विस्थापित र अन्यलाई प्रकृति हेरेर अन्तरिम राहत दिने सरकारको नीति थियो । २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामार्फत सशस्त्र द्वन्द्वको अन्त्य गरियो । शान्ति सम्झौतापछि लडाकु समायोजन र संविधान निर्माणको काम सम्पन्न भए पनि शान्ति प्रक्रियाको महत्त्वपूर्ण पक्ष द्वन्द्वकालका पीडितलाई न्याय दिने कार्य भने अझै हुन सकेको छैन । *रासस*


## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०२/१५**

यस कम्पनीको मिति २०८०/०१/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **साउथ एसिया सप्लायर्स एन्ड ट्रान्सपोर्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिफ ट्राभल्स एण्ड टुर्स प्रा.लि.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिफ ट्राभल्स एण्ड टुर्स प्रा.लि.(प्रा.लि.नं.१२८३४३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## मोटरसाइकल हराएको सूचना

**संजय दुवाडीको** नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७९।१२।०६ गते काठमाडौ मा.न.पा वडा नं. ७ गुहेश्वरीबाट अ ९:३० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – Pulsar 150
बाई नं. BA 84 PA764
चेसिस नं. : MD2A11CX8PPK-23219 (भएको)
चेसिस नं. : MD2A11CY7HWA05002 (हुनुपर्ने)
इन्जिन नं. DHXPPK-56603 (भएको)
इन्जिन नं.: DHYWHA-49774 (हुनुपर्ने)
रङ्ग – कालो
सम्पर्क – 9851092787

सच्चाइएको: मिति : २०८० वैशाख २४ गते छापिएको सूचनामा भुलवस त्रुटि भएकोले सूचना सच्चाइएको छ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०९/०८ गते निम्न विवरणको Pulsar 220 cc को कालो, रातो रङको मोटरसाइकल साझको करिब ७ बजेतिर चमती सिपा फुट्सल नजिकबाट हराएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**धनीको नाम : सन्तोस उपाध्याय**
**बाइक नं.: बा.प्र -०२-०४० प १९८३**
**च्यासिस नं.:** MD2A13EX5MCJ 98338
**इन्जिन नं. :** DKHCMJ 32727
**ठेगाना: काठमाडौं**
**मो.नं.: ९८१८२६२३१९**



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUSJAYA ENTERPRISE
पुर्व स्वीकृति मिति २०८०/०२/१३ | LT. No. 286725 | चलानी नं. ६०२०२०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 13 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
